सुदूरपश्चिम विश्वविद्यालय
परीक्षा नियन्त्रण कार्यालय,
महेन्द्रनगर कञ्चनपुर ।

## स्नातक तह आठौं सेमेस्टरको मौका परीक्षा (Chance Exam) सम्बन्धी जरुरी सूचना ।

### सूचना प्रकाशित मिति : २०८० । ६ । २६ गते

सुदूरपश्चिम विश्वविद्यालय परीक्षा व्यवस्थापन तथा सञ्चालन कार्यविधि २०७८ (संशोधन सहित २०७९) परिच्छेद ४ को नियम ४.१.६. मा "सेमेस्टर परीक्षा प्रणाली अन्तर्गत स्नातक तह आठौं सत्रको परीक्षामा बढीमा **२ (दुई)** विषयमा मात्र अनुत्तीर्ण भएका तर अन्य सम्पूर्ण अगिल्ला सेमेस्टरका परीक्षाहरू उत्तीर्ण गरेका" विद्यार्थीहरूले मौका परीक्षा दिन पाउने व्यवस्था भए अनुसार ***सैद्धान्तिक परीक्षामा बढीमा दुई विषयमा*** मात्र **अनुत्तीर्ण** भएका विद्यार्थीहरूले सुदूरपश्चिम विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालय महेन्द्रनगरद्वारा २०८० सालमा संचालन हुने स्नातक तह मानविकी तथा सामाजिक शास्त्र सङ्काय, शिक्षाशास्त्र सङ्काय, व्यवस्थापन सङ्काय (विविए), विज्ञान तथा प्रविधि सङ्काय, कृषि विज्ञान सङ्काय, इन्जिनियरिङ्ग सङ्काय अन्तर्गत **आठौं** सेमेस्टरको मौका परीक्षा दिने परीक्षार्थीहरू स्वयम्ले निम्न विवरण अनुसार परीक्षा आवेदन फाराम भरी आ–आफ्नो क्याम्पस/विभागमा **मिति २०८० कार्तिक २४ गते** सम्म बुझाउन हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

निम्न

१. **क्याम्पस/विभागले मौका परीक्षार्थी** भए नभएको यकिनगर्न अगिल्लो पटक सोही वर्ष/खण्ड/सेमेस्टरको परीक्षा दिएको लब्धाङ्क पत्र हेरी रोल नम्बर र वर्ष फारामको निर्दिष्ट ठाउँमा निवार्य लेख्नुपर्ने छ ।

२. **क्याम्पस/विभागले फाराम बुझाउनु अगाडि :** सुदूरपश्चिम विश्वविद्यालय परीक्षा व्यवस्थापन तथा सञ्चालन कार्यविधि २०७८ (संशोधन सहित २०७९) को परिच्छेद ४ को नियम ४.१.६. मा "सेमेस्टर परीक्षा प्रणाली अन्तर्गत स्नातक तह आठौं सत्रको परीक्षामा बढीमा **२ (दुई)** विषयमा मात्र अनुत्तीर्ण भएका तर अन्य सम्पूर्ण अगिल्ला सेमेस्टरका परीक्षाहरु उत्तीर्ण गरेका" विद्यार्थीहरुले मौका परीक्षा दिन पाउने व्यवस्था भए अनुसार सत्रान्त परीक्षा अन्तर्गत अगिल्ला सबै सेमेस्टरका लब्धाङ्क पत्रहरू रूजु गरेर यथार्त विवरण यकीन गरी परीक्षार्थीले परीक्षा दिन पाउने ***२ (दुई) सैद्धान्तिक विषयमा मात्र अनुत्तीर्ण भएका विद्यार्थीलाई*** परीक्षा फाराम भर्न भराउनु पर्ने छ । अन्यथा भएमा प.नि.का. जवाफदेही हुने छैन । विद्यार्थीले भरेका प्रत्येक फाराम रुजु गरी अंग्रेजी वर्णानुक्रमानुसार स्पष्ट लगत राखी एक प्रति प्रिन्ट सहित CD मा अथवा प.नि.का. को ईमेल ठेगाना **info@fwuexam.edu.np** मा राखी उपलब्ध गराउनु पर्ने छ ।

३. फाराम परीक्षार्थी स्वयम्ले भरी बुझाउनु पर्ने छ ।

४. परीक्षा दिने सैद्धान्तिक विषयको कोड नम्बर सहित पुरा नाम स्पष्ट खुलाएर लेख्नु पर्ने छ

५. परीक्षार्थीले हालसालै खिचेको दुईप्रति एकनासको पासपोर्ट साइजको फोटो टाँसी फोटो र फाराममा समेत पर्ने गरी क्याम्पस प्रमुख/विभागीय प्रमुखको हस्ताक्षर हुनु पर्ने छ ।

६. **क्याम्पस/विभागको हकमा** :- पहिलो म्याद सकिएको २ दिनभित्र नै परीक्षा दस्तुर रकम बुझाएको बैङ्क भाउचर सु.प.वि.प.नि.का. को नबिल बैङ्क महेन्द्रनगरको खाता नम्बर २९०१०१७५००४२४ या नेपाल बैङ्क लिमिटेड महेन्द्रनगरको खाता नम्बर १५६००१०६८७४६६९००००१ मा एकमुस्ट दस्तुर रकम तिरेको बैङ्क भाउचर सहित अनिवार्य बुझाउनु पर्नेछ र उक्त भाउचर बनाएको ४ दिनभित्र परीक्षा आवेदन फाराम उक्त भाउचर सहित परीक्षा नियन्त्रण कार्यालयमा अनिवार्य रुपमा बुझाई सक्नु पर्नेछ ।

७. परीक्षा शुल्क :- प्रति सेमेस्टर/खण्ड स्नातक तहलाई रु ८०० लाग्नेछ ।

८. थप जानकारिका लागि प.नि.का.को **Website: www.fwuexam.edu.np,** या **exam.fwu.edu.np** मा पनि हेर्न सकिनेछ ।

परीक्षा नियन्त्रक